बैठक संख्याः- १

आज मिति २०७९ साल जेठ ११ गते बुधबारका दिन स्थानीय तह सदस्य निर्वाचन २०७९ वाट बिर्तामोड नगरपालिकामा निर्वाचित जनप्रतिनिधिहरुको पदवहाली भईसकेपछि बिर्तामोड नगरपालिकाको पहिलो कार्यपालिका बैठक नगर प्रमुख श्री पवित्रा देवी महतारा प्रसाईज्यूको अध्यक्षतामा बसी निम्न बमोजिमको उपस्थितिमा निम्न विषयमा छलफल गरी निम्न निणर्यहरु गरियो ।

उपस्थिती

| सि.नं | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २ | नगर उप-प्रमुख | श्री नगेन्द्र प्रसाद संग्रौला | |
| ३ | १ नं. वडा अध्यक्ष | श्री अग्नी प्रसाद पाण्डे | |
| ४ | २ नं. वडा अध्यक्ष | श्री किशोर कुमार पौडेल | |
| ५ | ३ नं. वडा अध्यक्ष | श्री मदन वुढाथोकी | |
| ६ | ४ नं. वडा अध्यक्ष | श्री राहुल कुमार शर्मा | |
| ७ | ५ नं. वडा अध्यक्ष | श्री रोहित प्रसाई | |
| ८ | ६ नं. वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्वा | |
| ९ | ७ नं. वडा अध्यक्ष | श्री कृष्ण प्रसाद खरेल | |
| १० | ८ नं. वडा अध्यक्ष | श्री अजय कार्की | |
| ११ | ९ नं. वडा अध्यक्ष | श्री हरि प्रसाद चौलागाई | |
| १२ | १० नं. वडा अध्यक्ष | श्री दुर्योधन गुरुङ्ग | |
| १३ | सदस्य सचिव | श्री विनोद कुमार न्यौपाने | |

१) **निर्णय नं १-** २०७४ सालको स्थानीय निर्वाचनबाट बिर्तामोड नगरपालिकामा निर्वाचित भई २०७९ जेठ ५ गतेसम्म कार्यगर्नु हुने निवर्तमान जनप्रतिनिधिज्यूहरुलाई बिर्तामोड नगरपालिकाको विकास र समृद्धिका लागि पुर्याउनु भएको योगदानका लागि हार्दिक धन्यवाद व्यक्त गर्ने निर्णय गरियो ।

२) **निर्णय नं २-** चालु आ.ब. ०७८।०७९ को कुल वार्षिक बजेट १ अर्ब ४० करोड ४७ लाख ४२ हजार बजेट प्रस्ताव गरिएको थियो जस अनुसार आ.ब. ०७८।०७९ को बैशाख मसान्तसम्मको आय तर्फ ७९ करोड ३४ लाख ३५ हजार तथा व्यय मध्ये चालु तर्फ ३३ करोड ४० लाख ८५ हजार र पुजीगत तर्फ ३२ करोड ९८ लाख ३९ हजार गरी जम्मा ६६ करोड ३९ लाख २५ हजार व्यय भएको आय-व्यय विवरण प्रस्तुत गरियो ।

३) **निर्णय नं ३-** मिति २०७९।०२।०९ गते नगर प्रमुख श्री पवित्रा देवी महतारा प्रसाईज्यूले पद भार ग्रहणका क्रममा गर्नु भएको बिर्तामोड नगरभित्र रहेका सम्पूर्ण गरिब तथा असहाय परिवारहरुको मापदण्ड तयार गरी निःशुल्क स्वास्थ्य बिमा गरी विपन्नहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने तथा बिर्तामोड नगरक्षेत्रभित्र रहेका सम्पूर्ण खेतीयोग्य जमिनहरुमा स्यालोट्युवेल, कुलो तथा पैनीहरुको निर्माण गरी ५ वर्ष भित्रमा खेतीयोग्य जमिनमा सिंचाईको व्यवस्था गर्ने निर्णयको अनुमोदन गरी उक्त बमोजिमको नीति तथा कार्यक्रम तयार गरी आगामी आ.ब. ०७९/०८० को बजेट तथा कार्यक्रममा समावेश गर्ने निर्णय गरियो ।

४) **निर्णय नं.४-** बिर्तामोड नगरपालिका अन्तर्गत रहेका १० वटै वडाहरुलाई साबिक बमोजिम आगामी आ.ब. ०७९/०८० का लागि १ करोड १५ लाखको पुँजीगत बजेट सिलिङ् दिईने र सो बमोजिम वडाबाट नीति तथा कार्यक्रम तय गरी २०७९ जेठ मसान्त सम्ममा नगरमा पेश गर्ने निणय गरियो ।

५) **निर्णय नं ५-** नगर उप-प्रमुखको संयोजकत्वमा रहेको योजना अनुगमन समितिमा कार्यपालिकाको तर्फबाट वडा नं ३ का वडा अध्यक्ष मदन बुढाथोकी र वडा नं. ६ का वडा अध्यक्ष सूर्य प्रसाद कन्दङ्वालाई अनुगमन समितिको सदस्यको जिम्मेवारी दिने निर्णय गरियो ।

६) **निर्णय नं ६-** स्थानीय तह सदस्य निर्वाचन २०७९ को मतगणना बिर्तामोड नगरपालिकाको सभाहलमा २०७९।०१।३१ बाट सुरु भई २०७९।०२।०६ गते मात्र सम्पन्न भएको र सो अवधिमा मतगणना खटिईएका बाहेकका कर्मचारीहरुलाई

नगरपालिकाको कार्यालय प्रवेशमा रोक लगाईएको हुँदा उक्त अविधको लागि कर्मचारीहरुलाई सार्वजनिक विदा सरह विदा दिने निर्णय गरियो ।

७) **निर्णय नं ७-** श्री दुर्गा मा.बि. बिर्तामोड ९ झापाका शिक्षक श्री कृष्ण प्रसाद निरौलाको दुर्घटनामा परि मिति २०७८।१२।१९ गते असमायिक निधन भएकाले मिति २०७८।१२।२० गते तत्कालिन नगर प्रमुखज्यूबाट मिति २०७८।१२।२१ गते सोमबारका दिन बिर्तामोड नगरपालिकाका सबै सामुदायिक विद्यालयहरुलाई १ दिन शोक विदा दिने निर्णय भएकाले उक्त निर्णयको अनुमोदन गर्ने निर्णय गरियो ।

८) **निर्णय नं ८-** यस बिर्तामोड नगरपालिकामा रहेका तपशिल बमोजिमका सवारी साधनहरुको भाडा दर(ईन्धन बाहेकको) तपशिल बमोजिम हुने निर्णय गरियो । साथै स्थानीय स्तरका उपभोक्ता बाहेक अन्यले भाडामा साधन माग गरेमा १ दिन(८ घण्टा)को दरले भाडा लिएर दिने निर्णय गरियो ।

<u>तपशिल</u>

१. ग्रेडर- प्रतिघण्टा रु २५००।-(ईन्धन बाहेक)

२. रोलर - प्रतिघण्टा रु २०००।-(ईन्धन बाहेक)

३. जेसिभी- प्रतिघण्टा रु १५००।-(ईन्धन बाहेक)

४. ट्रिपर - प्रतिदिन रु ४५००(ईन्धन बाहेक)

५. पानी ट्याङ्कर-प्रति ट्याङ्कर रु २०००।-(ईन्धन बाहेक) स्थानीय उपभोक्ता भन्दा बाहेक अन्य(ठेकेदार/निर्माण व्यवसायी)ले पानी ट्याङ्कर भाडामा लिदाँ प्रतिदिन १०,०००।-(दश हजार) लिएर भाडामा उपलब्ध गराउने ।